# अर्थ बुलेटिन

वर्ष १ अंक ८ फागुन, २०७६


**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

चालु आर्थिक वर्षको फागुन महिनासम्म अधिकांश प्रमुख आर्थिक परिसूचकहरु सकारात्मक देखिएका छन् । कूल सरकारी खर्च लक्ष्य बमोजिम हुन नसकेतापनि गत वर्षको तुलनामा उच्च नै रहेको छ। पैठारीमा संकलन हुने कर राजस्वमा संकुचन आएता पनि समग्र राजस्व परिचालन सन्तोषप्रद छ। वैदेशिक सहायता प्रतिबद्धतामा वृद्धि भएको छ। निर्यात निरन्तर बढ्दै गएको छ भने वस्तु आयात घटेको छ। यस कारण व्यापार घाटामा कमी आएसँगै व्यापार असन्तुलनमा पनि सुधार हुँदै गएको छ। शोधानान्तर स्थितिमा पनि सुधार भएको छ। वैदेशिक रोजगारीमा जाने कामदारको संख्यामा पनि वृद्धि भएको छ। कोभीड-१९ को संक्रमण चीन लगायतका अन्य मुलुकहरुमा फैलिएको कारण पर्यटक आगमनमा संकुचन आएको छ भने व्यापार, निर्माण लगायत विभिन्न आर्थिक क्रियाकपलापमा समेत प्रत्यक्ष प्रभाव परेको छ। कोभीड-१९ को संक्रमण विश्वका अधिकाँश मुलुकहरुमा बढ्दै गएको हुनाले आगामी दिनहरुमा यसको प्रभाव विश्व अर्थतन्त्र तथा नेपालको अर्थतन्त्रमा गहिरो रुपमा पर्ने देखिन्छ ।


**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा


सिंहदरवार, काठमाडौं


## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

आर्थिक वर्ष २०७६/७७ को फागुन महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको रु. ५ खर्ब ४० अर्ब ९० करोडको तुलनामा १२.८ प्रतिशतले वृद्धि भई रू. ६ खर्ब १० अर्ब २५ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रू. ४ खर्ब ५० अर्ब ७९ करोड, पूँजीगत खर्च रू. ९६ अर्ब ४८ करोड र वित्तीय व्यवस्थातर्फको खर्च रू. ६२ अर्ब ९८ करोड रहेको छ।

**चार्ट (क): पछिल्लो ५ वर्षको फागुनसम्मको सरकारी खर्चको प्रवृत्ति (रू. अर्बमा)**





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

आर्थिक वर्ष २०७६/७७ को फागुन महिनासम्ममा कुल राजस्व परिचालन गत आर्थिक वर्षको सोही अवधिको रु. ५ खर्ब ८ अर्ब ५९ करोडको तुलनामा १२.२ प्रतिशतले वृद्धि भई रू. ५ खर्ब ७० अर्ब ६३ करोड पुगेको छ। कुल राजस्व परिचालन मध्ये कर राजस्व रू. ४ खर्ब ९७ अर्ब ६० करोड र गैरकर राजस्व रू. ७३ अर्ब ३ करोड रहेको छ।


**चार्ट (ख): पछिल्लो ५ वर्षको फागुनसम्मको राजस्व परिचालनको प्रवृत्ति (रु. अर्बमा)**





स्रोतः अर्थ मन्त्रालय


http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं. : ०१-४२११३२५

## चार्ट (ग): आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ को फागुनसम्मको राजस्व संकलनको संरचना




आ.ब. २०७५/७६




आ.ब.२०७६/७७

#अन्य अन्तर्गत शिक्षा सेवा शुल्क र अन्य कर समावेश गरिएको छ ।

स्रोतः अर्थ मन्त्रालय

**तालिका (क): राजस्व लक्ष्य र असुली** (रू. अर्बमा)

| राजस्व शिर्षक | आर्थिक वर्ष २०७६/७७ को वार्षिक लक्ष्य | राजस्व असुली | | |
|---|---|---|---|---|
| | | २०७५ फागुनसम्म | २०७६ फागुनसम्म | बृद्धिदर |
| **भन्सार महशुल** | २१३.२ | १०३.७ | १०१.४ | -२.२ |
| **मूल्य अभिवृद्धि कर** | **३१५.०१** | **१५२.७** | **१६६.५** | **९.०** |
| आन्तरिक | ११८.३८ | ५२.२ | ७०.९ | ३५.८ |
| पैठारी | १९६.६३ | १००.४ | ९५.६ | -४.९ |
| **अन्तशुल्क** | **१६९.९८** | **७८.२** | **७९.८** | **२.०** |
| आन्तरिक | १०६.३ | ४४.५ | ४९.० | १०.१ |
| पैंठारी | ६३.६८ | ३३.७ | ३०.८ | -८.७ |
| **आयकर** | **२८०.३५** | **१०५.६** | **१३६.२** | **२९.०** |
| अन्य # | ३०.६२ | १६.९ | १३.८ | -१८.४ |
| **जम्मा कर राजस्व** | **१००९.१६** | **४५७.०** | **४९७.६** | **८.९** |
| **गैरकर राजस्व** | **१०२.८७** | **५१.६** | **७३.०** | **४१.५** |
| **कुल राजस्व** | **१११२.०३** | **५०८.६** | **५७०.६** | **१२.२** |

#यस अन्तर्गत शिक्षा सेवा शुल्क र अन्य कर रहेका छन्। बहालकर र ब्याजकरलाई आयकरमा गणना गरिएको छ।

स्रोतः अर्थ मन्त्रालय

## करको दायरा विस्तार

२०७६ असारसम्म स्थायी लेखा नम्बर लिने करदाताहरुको संख्या २१ लाख ७१ हजार ५ सय २४ रहेकोमा २०७६ फागुन महिनासम्म यस्तो संख्या ५०.९३ प्रतिशतले बढेर ३२ लाख ७७ हजार ५ सय ७२ पुगेको छ। २०७६ फागुनमसान्तसम्म व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता संख्या १३ लाख ६० हजार ९ सय ३८ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता संख्या १९ लाख १२ हजार १ सय ४५ पुगेका छन्। चालु आर्थिक वर्षको फागुन महिनासम्ममा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ९ लाख १९ हजार २ सय ६५ थप भएका छन्। २०७६ फागुनसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता २ लाख ५५ हजार ५ सय ८६ पुगेका छन्। चालु आर्थिक वर्षको श्रावण देखि फागुन महिनासम्ममा ४१ हजार ४ सय ७७ नयाँ करदाताहरु मूल्य अभिवृद्धि करमा दर्ता भएका छन्। २०७६ फागुनसम्म अन्तःशुल्कमा दर्ता हुने करदाताको संख्या ९८ हजार ९ सय ३४ पुगेको छ।

| तालिका (ख): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण | | | | |
|---|---|---|---|---|
| **दर्ताको प्रकार** | २०७६ असारसम्म स्थायी लेखा नम्बर लिएका करदाताको संख्या | आर्थिक वर्ष २०७६/७७ को श्रावणदेखि फागुन महिनासम्ममा थप भएका स्थायी लेखा नम्बर लिने करदाताको संख्या | २०७६ फागुनसम्ममा स्थायी लेखा नम्बर लिने जम्मा करदाताको संख्या | प्रतिशत परिवर्तन |
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | ११७७९०७ | १८३०३१ | १३६०९३८ | १५.५४ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ९९२८८० | ९१९२६५ | १९१२१४५ | ९२.५९ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ७३७ | ३७५२ | ४४८९ | ५०९.०९ |
| **जम्मा स्थायी लेखा नम्बर** | २१७१५२४ | ११०६०४८ | ३२७७५७२ | ५०.९३ |
| मूल्य अभिवृद्धि कर | २१४१०९ | ४१४७७ | २५५५८६ | १९.३७ |
| अन्तःशुल्क | ७८८०७ | २०१२७ | ९८९३४ | २५.५४ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

## सार्वजनिक ऋण तथा वैदेशिक सहयोग

२०७६ माघसम्म संघीय सरकारको तिर्न बाँकी खुद सार्वजनिक ऋण रू.११ खर्ब १४ अर्ब ८१ करोड पुगेको छ। यस मध्ये आन्तरिक ऋण रू.४ खर्ब ५१ अर्ब ९ करोड र वैदेशिक ऋण रू. ६ खर्ब ६३ अर्ब ७२ करोड रहेको छ। यस अवधिमा संघीय सरकारले आन्तरिक ऋण तर्फ रू. २ अर्ब ४० करोड वरावरको साँवा भुक्तानी र रू. १० अर्ब ६५ करोड ४४ लाख वरावरको व्याज भुक्तानी गरेको छ। त्यसैगरी, बाह्य ऋणतर्फ सावाँ रू. १० अर्ब ३२ करोड ८९ लाख र व्याज रू. २ अर्ब १३ करोड ६४ लाख भुक्तानी गरेको छ।

आर्थिक वर्ष २०७६/७७ को फागुन महिनासम्ममा रू.१ खर्ब ९ अर्ब २८ करोड बरावरको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको छ। यस मध्ये अनुदान रु. १६ अर्ब २० करोड र ऋण रु. ९३ अर्ब ८ करोड रहेको छ । उक्त प्रतिवद्धतामा अनुदान र ऋणको हिस्सा क्रमशः १४.८२ प्रतिशत र ८५.१८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः १२.६ प्रतिशत र ८७.४ प्रतिशत रहेको थियो।

चालु आर्थिक वर्षको फागुन महिनासम्ममा संघीय सरकारले प्राप्त गरेको वैदेशिक अनुदान गत आर्थिक वर्षको सोही अवधिको रू.७ अर्ब ६८ करोडको तुलनामा १०६.४ प्रतिशतले बढेर रू. १५ अर्ब ८५ करोड पुगेको छ। त्यसैगरी, यस अवधिमा संघीय सरकारले प्राप्त गरेको वैदेशिक ऋण गत आर्थिक वर्षको सोही अवधिको रू. ४४ अर्ब २७ करोडको तुलनामा ४६.५ प्रतिशतले कमी आई रू. २३ अर्ब ६७ करोड रहेको छ।

## वित्तीय क्षेत्र

२०७६ माघ मसान्तसम्म वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तहको संख्या ७४६ पुगेको छ। गत वर्षको माघ महिनासम्म यस्तो संख्या ७११ रहेको थियो । २०७५ माघसम्म बैंक शाखा सञ्जाल ७ हजार ७ सय ३१ रहेकोमा २०७६ माघ महिनासम्म यस्तो संख्या ९ हजार ५ सय ५० पुगेको छ। वार्षिक बिन्दुगत रुपमा २०७६ माघमसान्तमा बैंक तजा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जा १४.० प्रतिशतले वृद्धि भई रु. ३१ खर्ब ८२ अर्ब ९५ करोड र बैंक तथा वित्तिय संस्थाको निक्षेप परिचालन १५.६ प्रतिशतले वृद्धि भई ३४ खर्ब ४३ अर्ब १९ करोड भएको छ ।

चालु आर्थिक वर्षको फागुन महिनासम्ममा बीमा प्रिमियम संकलन गत आर्थिक वर्षको सोही अवधिको रु. ५३ अर्ब १ करोडको तुलनामा ४७.३३ प्रतिशतले बढेर रू. ७८ अर्ब १० करोड पुगेको छ।
२०७६ फागुन महिनासम्म वैदेशिक रोजगारीमा जाने सहित बीमा सेवा पुगेको जनसंख्या ८१ लाख १२ हजार ४ रहेको छ। यो संख्या कुल जनसंख्याको २६.९८ प्रतिशत हो। २०७५ फागुन महिनासम्म बीमा सेवा पुगेको जनसंख्या २५.०३ प्रतिशत रहेको थियो।

## पूँजी बजार

वार्षिक विन्दुगत आधारमा २०७५ फागुन मसान्तमा ११५५.५ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७६ फागुन मसान्तमा १३७७.१८ विन्दु कायम भएको छ।

## समग्र मूल्य स्थिति

२०७६ माघमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ६.८७ प्रतिशत रहेको छ। अघिल्लो वर्ष मुद्रास्फीतिदर ४.३५ प्रतिशत कायम रहेको थियो ।०यस अवधिमा तरकारी, फलफुल, मसला, दाल, माछामासु, शिक्षा, स्वास्थ्य, लुगा तथा जुत्ता लगायातका वस्तु तथा सेवाको मूल्य वृद्धि तुलनात्मक रुपमा बढी रहेको छ।

## बाह्य क्षेत्र

### वस्तु निकासी

आर्थिक वर्ष २०७६/७७ को फागुन महिनासम्ममा कुल वस्तु निकासी अघिल्लो वर्षको सोही अवधिको रु. ६१ अर्ब २२ करोडको तुलनामा २२.३५ प्रतिशतले वृद्धि भई रू. ७४ अर्ब ९१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी १४.६ प्रतिशतले वृद्धि भएको थियो। चालु आर्थिक वर्षको फागुन महिनासम्ममा भारत र अन्य देशहरुतर्फको निकासी क्रमशः ३५.५ प्रतिशत र १.१ प्रतिशतले बढेको छ भने चीनतर्फको निकासी १९.४ प्रतिशतले घटेको छ। चालु आर्थिक वर्षको पहिलो ८ महिनामा प्रशोधित पाम आयल, भटमासको तेल (प्रशोधित), ऊनी गलैचा कार्पेट, अलैची, जुटका कपडा लगायतका वस्तुको निकासी बढेको छ।

| तालिका (ङ) : २०७६ फागुन महिनासम्ममा निकासी भएका मुख्य ५ वस्तुहरु (रु. अर्बमा) | | | |
|---|---|---|---|
| वस्तुको नाम | २०७५ फागुनसम्म | २०७६ फागुनसम्म | बृद्धि प्रतिशत |
| प्रशोधित पाम आयल | ४.४६ | १५.३५ | २४४.० |
| भटमासको तेल (प्रशोधित) | १.१३ | ७.५२ | ५६२.८ |
| सेन्थेटिक यार्न | ६.३० | ५.९२ | -६.० |
| उनी गलैंचा कार्पेट | ५.०३ | ५.०७ | १.० |
| तयारी कपडा | ३.९२ | ३.७९ | -३.३ |
| अन्य वस्तुहरु | ४०.३८ | ३७.२५ | -७.८ |
| **जम्मा** | **६१.२२** | **७४.९१** | **२२.४** |

स्रोतः भन्सार विभाग

## वस्तु पैठारी

आर्थिक वर्ष २०७६/७७ को फागुन महिनासम्ममा कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोहि अवधिको तुलनामा २.६ प्रतिशतले घटेर रू. ९ खर्व २४ अर्व २४ करोड रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो पैठारी २३.७ प्रतिशतले बढेर रु.९ खर्व ४९ अर्व ११ करोड रहेको थियो। चालु आर्थिक वर्षको फागुन महिनासम्म भारतबाट भएको पैठारी ७.५ प्रतिशतले घटेको छ भने चीन र अन्य देशबाट भएको पैठारी क्रमशः ५.५ प्रतिशत र ६.८ प्रतिशतले बढेको छ। मुख्य पाँच वस्तुको पैठारी मूल्यको आधारमा हेर्दा चालु आर्थिक वर्षको पहिलो ८ महिनामा पेट्रोल, मलखाद, हवाईजहाज र हेलिकप्टर लगायतका वस्तुको पैठारी बढेको छ भने डिजेल, एम.एस. विलेट, तयारी कपडा, एल.पी.ग्यास लगायतका वस्तुको पैठारी घटेको छ।

| तालिका (ङ) : २०७६ फागुन महिनासम्ममा पैठारी भएका मुख्य ५ वस्तुहरु (रु. अर्बमा) | | | |
|---|---|---|---|
| वस्तुको नाम | २०७५ फागुनसम्म | २०७६ फागुनसम्म | वृद्धि प्रतिशत |
| डिजेल | ७३.८३ | ६७.०३ | -९.२ |
| एम. एस. विलेट | ४७.१२ | ३२.२५ | -३१.६ |
| पेट्रोल | २२.९४ | २३.९८ | ४.६ |
| एल. पि. ग्यास | २३.९३ | २१.६४ | -९.६ |
| तयारी कपडा | २२.९७ | २१.१४ | -७.९ |
| अन्य वस्तुहरु | ७५८.३२ | ७५८.२० | -०.०२ |
| **जम्मा** | **९४९.११** | **९२४.२४** | **-२.६** |

स्रोतः भन्सार विभाग

## व्यापार सन्तुलन

आर्थिक वर्ष २०७६/७७ को फागुन महिनासम्ममा कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.३ प्रतिशतले घटेर रू. ८ खर्व ४९ अर्व ३३ करोड कायम रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा २४.४ प्रतिशतले बढेर रू. ८ खर्व ८७ अर्व ८९ करोड रहेको थियो।

## सेवा व्यापार

आर्थिक वर्ष २०७६/७७ को पहिलो ७ महिनामा सेवा आय रू. १ खर्व ०६ अर्व १८ करोड र सेवा खर्च रू. १ खर्व १० अर्व २९ करोड भई खुद सेवा आय रू. ४ अर्व ११ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रू. ९ अर्व ४९ करोडले घाटामा रहेको थियो। पर्यटन आयमा १५.० प्रतिशतको वृद्धि र शिक्षा तर्फको खर्चमा २६.६ प्रतिशतले कमी आएको कारण सेवा क्षेत्रको असन्तुलनमा पनि सुधार हुँदै गएको छ ।

## विप्रेषण आप्रवाह तथा वैदेशिक रोजगार

आर्थिक वर्ष २०७६/७७ को माघ महिनासम्ममा विप्रेषण आय रू. ५ खर्व १३ अर्ब २१ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रू. ५ खर्व १५ अर्व ५५ करोड रहेको थियो। कोभिड-१९ को विश्वव्यापी संक्रमणबाट विप्रेषण आप्रवाहमा कमी हुन थालेको छ ।
आर्थिक वर्ष २०७६/७७ को फागुन महिनासम्म वैदेशिक रोजगारीमा जान अन्तिम श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या २७.४ प्रतिशतले बढेर १ लाख ९३ हजार ७ सय ४२ पुगेको छ। आर्थिक वर्ष २०७५/७६ को सोही अवधिमा यस्तो संख्या ३८.३ प्रतिशतले घटेको थियो। त्यसैगरी, चालु आर्थिक वर्षको फागुन महिनासम्म वैदेशिक रोजगारीमा जान पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको संख्या १ लाख ७५ हजार ५ सय ५२ पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या १ लाख ८० हजार ४ सय ७ रहेको थियो।

## चालु खाता एवम् शोधानान्तर स्थिति

आर्थिक वर्ष २०७६/७७ को माघ महिनासम्ममा शोधानान्तर स्थिति रू. २१ अर्व ६१ करोडले वचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधानान्तर स्थिति रू. ४९ अर्व ३२ करोडले घाटामा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता घाटा रु.१ खर्व १२ अर्व १५ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू. १ खर्व ६६ अर्व ६७ करोड रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

२०७६ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रू. १० खर्व ३८ अर्व ९२ करोड रहेकोमा २०७६ माघ मसान्तमा यस्तो सञ्चिति ५.६ प्रतिशतले बढेर रु.१० खर्व ९६ अर्व ६८ करोड पुगेको छ। २०७५ माघ मसान्तमा यस्तो सञ्चिति रू.१० खर्व ७८ अर्व ३६ करोड रहेको थियो। आर्थिक वर्ष २०७६/७७ को पहिलो ७ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ८.५ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## वैदेशिक लगानी

आर्थिक वर्ष २०७६/७७ को पुष महिनासम्ममा खुद प्रत्यक्ष वैदेशिक लगानी गत आर्थिक वर्षको रु. ५ अर्व १५ करोड को तुलनामा १७९.५ प्रतिशतले वृद्धि भई रु.१४ अर्व ३८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो लगानी ६४.१ प्रतिशतले घटेको थियो।

## विनिमय दर

२०७६ असार मसान्तमा नेपाली रुपैयाको अमेरिकी डलर १ को खरिद विनिमय दर रू. १०९.३६ रहेकोमा २०७६ फागुन मसान्तमा नेपाली रुपैंया अमेरिकी डलरसँग ८.३ प्रतिशतले अवमूल्यन भई रु.११८.४४ रहेको छ। अघिल्लो

वर्षको सोही अवधिमा नेपाली रुपैंया अमेरिकी डलरसँग १.५ प्रतिशतले अवमूल्यन भएको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

आर्थिक वर्ष २०७६/७७ को फागुन महिनासम्ममा थप कम्पनी दर्ताको संख्या १६ हजार ९ सय ४५ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या १७ हजार ५ सय ४५ ले थप भएको थियो।

### पर्यटक आगमन

सन् २०२० को जनवरी र फेब्रुअरीमा स्थलमार्गबाट नेपाल आउने भारतीय पर्यटक बाहेकका पर्यटकको संख्या गत वर्षको सोही अवधिको तुलनामा १.४ प्रतिशतले घटेर १ लाख ८१ हजार ८६ रहेको छ। सन् २०१९ को सोही अवधिमा यस्तो संख्या १ लाख ८३ हजार ६ सय ९६ रहेको थियो।चीनको हुवेइ प्रान्तको वुहान सहरबाट फैलिएको कोभिड-१९ को कारण नेपाल आउने पर्यटकको संख्यामा घटन गएको हो ।

### विद्युत उपभोग

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो ७ महिनामा विद्युत उपभोग गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.५ प्रतिशतले वढेर ४१४४.८ गिगावाट घण्टा पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उपभोग ३५८८.४ गिगावाट घण्टा रहेको थियो।

## नीतिगत तथा कानूनी राय परामर्श

- अर्थ मन्त्रालयको स्वीकृतिमा कार्यान्वयन भई रहेको नियमावली/विनियमावलीमा नै उल्लेख भएका सेवा सुविधाको हकमा सम्बन्धित संस्थाको सञ्चालक समितिको निर्णयमा नियमावली/विनियमावली बमोजिम सेवा सुविधा प्रदान गर्ने, स्वीकृत नियमावली/विनियमावली संशोधन गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिई कार्यान्वयन गर्ने र स्वीकृत नियमावली/विनियमावलीमा व्यवस्था नभएको तर आर्थिक दायित्व पर्ने बिषयमा अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र कर्मचारीलाई सेवा सुविधा प्रदान गर्ने निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायमा पत्राचार गरिएको छ ।
- विभिन्न राजस्व छुटका सूचनाहरु सम्पादनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको र उक्त मन्त्रालयबाट सम्पादन भई आएका सूचनाहरु प्रकाशन गर्न मुद्रण विभाग पठाइएको छ ।
- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, आर्थिक प्रशासन विनियमावली, २०६६ को पहिलो संशोधन (२०७६) मा स्वीकृति प्रदान गरिएको छ।
- विभिन्न १८ संस्थानहरुले नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सेवा शुल्क, किस्ता, व्याज र हर्जना वापतको रकम दाखिला गराउने कार्यलाई तिव्रता दिइएको छ ।

## मन्त्रालयका गतिविधीहरु

- माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको समुपस्थितिमा २०७६ फागुन ५ गते अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल बैंकर्स संघका पदाधिकारीहरुबीच मुलुकको समसामयिक आर्थिक तथा वित्तीय अवस्था एवम् बैंकिङ्ग क्षेत्रमा देखिएका समस्या र यसको समाधान गर्ने उद्देश्यले छलफल तथा अन्तर्कृया कार्यक्रम सम्पन्न भएको छ । माननीय अर्थमन्त्रीले बैंक तथा वित्तीय संस्थामा रहेका समस्याहरुको तत्काल र दीर्घकालीन समाधानको लागि सम्बन्धित पक्षले कार्ययोजना सहित कार्य गर्न र समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने र निजी क्षेत्रलाई विश्वासको वातावरण सृजना गरी लगानीमैत्री र व्यवसायिक वातावरणको सुनिश्चित गर्न सरोकारवाला निकायलाई निर्देशन दिनु भएको छ ।
- माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको अध्यक्षतामा उच्चस्तरीय राजस्व चुहावट नियन्त्रण अनुगमन समितिको बैठक मिति २०७६ फागुन ७ गते सम्पन्न भयो । बैठकमा माननीय मन्त्रीले राजस्व चुहावट नियन्त्रण गर्न भन्सार नाका बाहेक अन्यत्रबाट हुने अवैध पैठारीलाई नियन्त्रण गर्नुको साथै राजस्व गस्तिका प्रभावकारिताका लागि जनशक्ति, उपकरण र सवारी साधनको भरपर्दो बन्दोवस्त मिलाउन, संवेदनशील भन्सार नाकामा, विशेष निगरानी बढाउन, जिल्लास्तरीय राजस्व चुहावट नियन्त्रण समितिको बैठक यथाशीघ्र राखी नियमित रुपमा बैठक बसाउने व्यवस्था मिलाउन निर्देशन दिनु भयो । साथै बिल बिजकहरुको बारेमा सुरक्षा निकायबाट खटिने कर्मचारीहरुलाई तालिम उपलब्ध गराउन, राजस्व चुहावट नियन्त्रण ऐनमा हालै भएका संशोधनको विषयमा सरोकारवालालाई जानकारी प्रदान गर्न, सीमा नाकामा रहने भन्सार प्रशासन, सुरक्षा निकाय लगायतले अन्तर्राष्ट्रिय सीमा व्यवस्थापनमा सूचना आदान प्रदान गर्ने संयन्त्र विकास गरी अन्तर निकाय समन्वय बढाउन समेत निर्देशन दिनु भयो ।
- नेपालको अर्थतन्त्रमा कोभिड-१९ को प्रभाव अध्ययन गर्न राजस्व सचिव रामशरण पुडासैनीको संयोजकत्वमा नेपाल राष्ट्र बैंकका प्रतिनिधिहरु समेत रहेको अध्ययन समिति गठन भएको छ ।
- अर्थमन्त्रालय तथा अन्तर्गतका निकायहरुको आर्थिक वर्ष २०७७/७८ को लागि बजेट तर्जुमा छलफल गरी बजेट सीमा निर्धारण गरिएको छ।
- स्वीकृत नयां संगठन संरचना अनुसार आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरुको कार्यक्षेत्र र अन्तःशुल्क अधिकृतको कार्यक्षेत्र तोकिएको छ ।
- अर्थ मन्त्रालयले वार्षिक रुपमा प्रकाशन गर्ने "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा (पहेंलो किताब), २०७७" प्रकाशनको लागि आवश्यक पर्ने वित्तिय विवरण/तथ्याङ्क/सूचनाहरु उपलब्ध गराउने सम्बन्धमा सबै संस्थानहरुका फोकल व्यक्तिहरुलाई अभिमुखिकरण तालिम प्रदान गरिएको छ ।
- आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटका लागि विभिन्न क्षेत्रहरुबाट सुझाव आहवान गरिएको छ । साथै बजेट तयारीको कार्यतालिका तर्जुमा गरी सबै महाशाखाहरु र विभागहरुबाट तयारीको कार्य शुरु भएको छ ।

## अन्य गतिविधिहरु

- माननीय अर्थमन्त्री डा. युवराज खतिवडा र संयुक्त राज्य अमेरिकाको Congress का सदस्यद्वय जर्ज होल्डिगं र अमी बेरा बीच भएको शिष्टाचार भेटघाटमा माननीय अर्थमन्त्रीले नेपाल अमेरिका बीचको सम्बन्ध धेरै पुरानो भएको स्मरण गर्दै अमेरिकाले नेपालको शिक्षा, स्वास्थ्य, कृषि जस्ता क्षेत्रमा निरन्तर रुपमा गर्दै आएको सहयोगको लागि धन्यवाद दिनुभयो ।



माननीय अर्थमन्त्री डा. युवराज खतिवडा संयुक्त राज्य अमेरिकाको Congress का सदस्यसँग भेटघाट गर्नुहुँदै

- माननीय अर्थमन्त्रीले नेपाल लगानीको लागि उपयुक्त गन्तव्य भएको उल्लेख गर्नु हुँदै विश्वको धेरै जनसंख्या भएका मुलुकहरु छिमेकी देश भएकोले यहाँ उत्पादन भएका वस्तुको बजारका लागि समस्या नहुने बताउनु भयो । अमेरिकी कंग्रेसका सदस्यद्वयले माननीय अर्थमन्त्री समक्ष नेपालको अर्थतन्त्र, निजी क्षेत्रको भूमिका, राष्ट्रिय प्राथमिकताका क्षेत्र तथा हितका पक्षमा सरकारले अघि सारेका विषयमा चासो व्यक्त गर्दै नेपालको विकासले अमेरिकाको निजी क्षेत्रमा सकारात्मक सन्देश प्रवाह हुन गएको धारणा राख्नु भएको थियो ।